आज मिति २०७८ वैशाख १७ गते शुक्रबार बिहान १०:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | — |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | शेर |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | — |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | — |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देवमाया |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | — |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता : श्री जीतेन्द्र गिरी, अधिकृत छैठौं

श्री ताराप्रसाद अधिकारी, का. स.

श्री सुरेश कुमार बराल

## मिति २०७८ वैशाख १७ गते शुक्रबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| क्र.सं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान सम्बन्धमा । | प्राथमिक स्वास्थ्य केन्द्र लाम्पन्टारको भवन, आवास गृह तथा स्टोरको निर्माण कार्य अघि बढाउन प्रचलित दररेट बमोजिम तयार भएको लागत अनुमान रु.१७,९१,७५,०१०/- (सत्र करोड एकानब्बे लाख पचहत्तर हजार दस) स्वीकृत गरी तत्काल बोलपत्र आह्वानको प्रक्रिया अघि बढाउने । |
| २. | गाउँघर क्लिनिकको भवन निर्माण सम्बन्धमा । | (क) वडा नं. १, छर्छरेमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र निर्माणको लागि रु.२,००,०००/- (दुई लाख) समपूरक कोषबाट विनियोजन गर्ने ।<br>(ख) गाउँघर क्लिनिक निर्माणको लागि स्वास्थ्य कार्यालय, सिन्धुलीबाट प्राप्त रकम रु.५,००,०००/- (पाँच लाख) बाट वडा नं. ९, बतासेमा निर्माण गर्ने ।<br>(ग) वडा नं. ८, लायोगाउँमा गाउँ घर क्लिनिक निर्माणको लागि आगामी आ.व.मा बजेट विनियोजन गर्न पहल गर्ने । |
| ३. | भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिको निर्णय अनुमोदन सम्बन्धमा । | भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिको मिति २०७८/०१/१७ को निर्णय अनुमोदन गर्ने । |
| ४. | नेपाल विद्युत प्राधिकरण, सिन्धुलीमा कर्मचारी माग सम्बन्धमा । | यस गाउँपालिका क्षेत्रभित्र विद्युत विस्तार तिव्र भएको, विद्युत मर्मत-सम्भार तथा महसुल संकलन गर्नको लागि हाल कार्यरत कर्मचारीहरु अपुग भएकोले कर्मचारी थप गर्न नेपाल विद्युत प्राधिकरण, सिन्धुलीलाई लेखि पठाउने । |
| ५. | वडा कार्यालयहरुलाई खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा । | यस गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई खाजा खर्च बापत बिल भरपाई बमोजिम प्रति वडा रु.१५,०००/- (पन्ध्र हजार) उपलब्ध गराउने । |
| ६. | विद्युत विस्तार सम्बन्धमा । | प्रदेश पूर्वाधार विकास कोषबाट यस गाउँपालिकाको विद्युत विस्तारका लागि विनियोजित रकम रु.१०,००,०००/-(दस लाख) बाट नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको दररेटमा विद्युत प्राधिकरण, सिन्धुलीसँग सम्झौता गरी खरिद गर्ने । |
| ७. | समपूरक कोषबाट विनियोजित रकम पठाउने सम्बन्धमा । | यस अघि वडा नं. १ झुँगाखोला कल्भर्ट निर्माणको लागि समपूरक कोषबाट विनियोजित रकम सहरी विकास तथा पूर्वाधार निर्माण कार्यालय, सिन्धुलीलाई मौजुदा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धा संकुचित नहुने गरी कार्य सम्पन्न गरे पश्चात उक्त कार्यालयले प्रमाणित गरेको प्राविधिक प्रतिवेदन तथा बिल भरपाई बमोजिम भुक्तानी दिने व्यवस्था मिलाउने । |